**गा.वि.स. सचिव हकहित संरक्षण केन्द्र नेपालको मागहरु :**

१. राष्ट्र र सरकारको प्रतिनिधि भै स्थानीय जनतास‘‘ग प्रत्यक्ष सम्बन्ध, समन्वय गरी स्थानीय स्तरमा खटी कार्य गर्ने गा.वि.स. सचिवलाई सरकारले सर्व प्रथम सम्बोधन गरी विगत वर्षमा ध्वस्त भएका संरचनाको पूनः निर्माण गरी कार्यालयको स्थापना भौतिक साधन श्रोतको व्यवस्था, शान्ति सुरक्षाको ज्ञारेन्टी र सहज वातावरण मिलाई ऐन कानुन र जनताको चाहना अनुसार सेवा गर्ने वातावरणको श्रृजना गरियोस् ।

२. हालै संसोधन गरी जारी गर्न लागिएको निजामति सेवा ऐन २०४९ मा प्रशासन सेवा अन्तरगत स्थानीय विकास समूह गठन गरी गा.वि.स. सचिव लगायत स्थानीय निकायमा कार्यरत सम्पूर्ण कर्मचारीलाई समूहकृत हुने गरी यथासिघ्र ऐन जारी गरियोस् ।

३. उक्त स्थानीय विकास समूह गठन पश्चात यस समूहबाट बाहिर जाने अवसर दिई यही समूहमा बस्ने कर्मचारीलाई तुरुन्त एक तह बढुवा गरी पदीय दायित्व तोकियोस् ।

४. गा.वि.स.हरुलाई आन्तरिक आयश्रोत, पूर्वाधार विकास र जनसंख्याको आधारमा वर्गिकरण गरी पा‘‘चौं देखि आठौं तहसम्म (तहगत व्यवस्था) को व्यवस्था गरी सोही अनुसार सचिवको दरवन्दी स्वीकृत गरियोस् ।

५. नमुना गा.वि.स. को रुपमा गठन गरिएका गा.वि.सहरु प्राय आयश्रोत, पूर्वाधार विकास केही नभएका, अति विकट क्षेत्रमा रहेका छन् । तत्कालिन अवस्थामा ऐन कानुन र नमुनाको मापदण्ड विपरित व्यक्ति विशेषको सिफारिसमा हचुवाको भरमा गठन भएका छन् । यसको अलवा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ अनुसार पूर्वाधार विकास भै ऐनको मापदण्ड अनुसार क वर्गमा रहेका गा.वि.स.हरुलाई नमुना गा.वि.स तोकि जिल्लागत रुपमा कार्यरत गा.वि.स सचिवहरु बिच आन्तरिक प्रतिश्पर्दाबाट बढुवा गरी ना.सु. गा.वि.स सचिवको पदपुर्ति गरियोस् ।

६. गाउ‘‘ गाउ‘‘मा बसी काम गर्ने गा.वि.स. सचिवहरुको रु. १०,००,०००।- (दश लाख० को दुर्घटना विमा सरकारबाट अविलम्ब व्यवस्था गरियोस् ।

७. स्थानीय निकायमा कार्यरत कर्मचारीहरु (गा.वि.स. सचिव) लाई कार्य क्षमता र अनुभवको आधारमा हरेक दश वर्षमा बढुवा गरी तहगत निजामति सेवा लागू गरियोस् ।

८. स्थानीय निकायमा कार्यालय प्रमुखको रुपमा काम गरेवापत गा.वि.स. सचिव, कार्यकारी अधिकृत र स्थानीय विकास अधिकारी समेतलाई एकतह माथिको कर्मचारीले पाउने न्यूनतम तलव र सुविधा उपलब्ध गराईयोस् ।

९. गा.वि.स.सचिवहरुलाई जिल्ला-जिल्लामा सेवा कालिन (समयानुसारको तालिमको व्यवस्था गर्नुपर्ने र सबै गा.वि.स.हरुलाई यथाशिघ्र कम्प्यूटर तालिमको व्यवस्था गरियोस् ।

१०. सम्बन्धित सेवाग्राही (निवेदक) बाट माग गरिएका नागरिकता, नाता प्रमाणित, हक कायम, हकहस्तान्तरण जस्ता महत्वपूर्ण सिफारिस गर्दा सवुद प्रमाण, स्थलगत साक्षी सर्जमिन मुचुल्का समेत बुझि गर्ने गरिन्छ । तर कुनै सेवा ग्राहीले झुट्टा साक्षी प्रमाण पेश गरी झुक्काएर भुलबाट गलत सिफारिस हुन गएमा सम्बन्धित सेवा ग्राही (निवेदक) र प्रमाणित गरी प्रमाण जारी गर्ने निकाय एवं कर्मचारीलाई भन्दा ठूलो कारवाही सिफारिस मात्र गर्ने हामी गा.वि.स. सचिवलाई गर्ने हालको कानून एवं प्रकृयालाई यथाशिघ्र खारेज गरी सिफारिस कर्ता गा.वि.स. सचिवलाई काम गर्ने सहज वातावरण गराईयोस र यसकारण हालसम्म लगाइएका झुट्टा मुद्दा विभागीय कारवाही यथाशिघ्र फिर्ता लिई सफाई दिइयोस् ।

११. स्थानीय निकायस‘‘ग सम्बन्धित ऐन, कानुन, नियम जारी गर्दा वा संशोधन गर्दा स्थानीय निकायमा व्यवहारिक ज्ञान प्राप्त गरेका अनुभवी दक्ष स्थानीय निकायको कर्मचारीहरुको सल्लाह, सुझाव लिई त्यस्तो ऐन नियम तर्जुमा गर्ने कार्य होस् ।

१२. हाल स्थानीय निकायहरु लमो समयदेखि जनप्रतिनिधि विहिन भै विकास निर्माण लगायत विभिन्न कार्यमा समस्या भएको हु‘‘दा सम्भव भए यथाशिघ्र अन्तरिम स्थानीय निकायको गठन गरियोस् ।

१३. नया‘‘ जारी हुने निजामति सेवा ऐनमा “ट्रेड युनियन” अधिकारी सुनिश्चित गरियोस् ।

१४. गा.वि.स. कार्यालयमा कार्यालय प्रमुखको रुपमा काम गर्ने गा.वि.स. सचिव विदा बस्दा वा कार्यालयमा अनुपस्थित रहदा कार्यालयको कार्य रोकिन गै सेवाग्राहीलाई ठूलो समस्या गर्ने हु“दा गा.वि.स. सचिवले गर्दै आएका सामान्य सिफारिसका कार्य गा.वि.स.मा कार्यरत कार्यालय सहायक कर्मचारीलाई अधिकार प्रत्यायोजनको व्यवस्था गरियोस् ।

१५. हालको अवस्थामा गा.वि.स. अध्यक्ष समेतको कार्य गर्दै आएका गा.वि.स. सचिवहरुलाई जिल्ला परिषद् वैठकमा पार्षदको रुपमा उपस्थित वहुमतको निर्णयबाट विकास निर्माण योजना छनौट लगायत नीति तथा कार्यक्रम स्वीकृति गर्ने व्यवस्था गरियोस् ।

१६. स्थानीय पञ्जिका अधिकारी, व्यक्तिगत घटना दर्ता ऐन २०३३ लाई संशोधन गरी घटना दर्ता प्रमाण पत्रमा नाम, थर, मिति आदि विवरण सच्चाउने कार्य स्थानीय अधिकारीबाट हुने व्यवस्था हुनुपर्ने, घटना दर्ता, सूचना फारम सम्बन्धी स्थानीय कार्यालयमा सुरक्षित राखी मासिक प्रगति विवरण मात्र जि.वि.स.मा पठाउने व्यवस्था हुनुपर्ने र घटना दर्ता कार्यक्रम लागू हुनुभन्दा पहिलाका घटना दर्ता माग भै आएमा दर्ता गर्न सकिने व्यवस्था हुनुपर्ने गरी ऐन सम्शोधन गरियोस् ।

१७. विगत २०५९ सालदेखि गा.वि.स. सचिवहरुले अध्यक्ष समेतको थप कार्यभार वहन गर्दै आएका छन् । सो थप कार्यभार गरेवापत अध्यक्षले पाउने मासिक पारिश्रमिक वरावरको रकम गत ०५९ साल देखि हालसम्मको पाउनु पर्ने र कार्य बोझका कारण नियमानुसार पाउने सेवा सुविधाका सहुलियत घर विदा लिन नपाई दैनिक कार्यालयमा हाजिर हुनुपर्ने बाध्यताका कारण वार्षिक ३० दिन घर विदा ल्याप्स हुने हु“दा सो ल्याप्स भै जाने सन्चीत विदाको रकम उपलब्ध गराईने व्यवस्थाहोस् ।

१८. गा.वि.स.हरुलाई ऐनले जिम्मेवारी तोकिएको भन्दा थप कुनै कार्यालय, संघ, संस्था, निकायबाट काम तोकिन्छ, लगाइन्छ भने सो थप कार्यको पारिश्रमिक मासिक तलव भन्दा कम नहुने गरी व्यवस्था गरियोस् ।

१९. पेन्सन कोषको व्यवस्था खारेज गरियोस् ।

२०. कर्तव्य पालनाको सिलसिलामा ज्यान गुमाएका गा.वि.स. सचिवहरुका आश्रित परिवारहरुको पालन पोषण र उच्च शिक्षा दिक्षा राज्यले तुरुन्त व्यवस्था गरी विगत द्वन्द्वको क्रममा मारिएका, अंगभंग भएका विस्थापित भएका र आर्थिक जरिवाना गरिएका गा.वि.स. सचिवहरु एंव राष्ट्र सेवक कर्मचारीहरुको लागत खडा गरी सुरक्षाकर्मी सरहको उचित क्षतिपुर्ति सरकारबाट तत्काल उपलब्ध गराईयोस् ।

२१. स्थानीय निकाय (गा.वि.स.) स“ग सम्बन्धित विषयमा माग भै आएका विदेश भ्रमणमा गा.वि.स. सचिवहरुलाई नै मनोनयन गरी पठाउने व्यवस्था गरियोस् ।

२२. यो राष्ट्रको विकट क्षेत्र स्थानीय निकायमा सरकारको प्रतिनिधिको रुपमा बसी कार्य सम्पादन गर्दै आएका हामी राष्ट्र सेवक गा.वि.स. सचिवहरुलाई जति राम्रो काम गरे पनि सजाय र कारवाही मात्र गरिन्छ, यस्तो गैरकानुनी प्रकृया र आश्थाको आधारमा कारवाही, सजाय गर्ने व्यवस्थाको अन्त्य गरी यस्तो कारवाही गर्ने सम्बन्धित विभागीय प्रमुखलाई नै कारवाही गर्ने व्यवस्था गरियोस् र कार्य क्षमताको आधारमा मा.वि.स. सचिवहरुलाई निजामति सेवा पुरस्कृत गर्ने गरियोस् ।

अन्त्यमा उक्त मागहरु माननीय मन्त्रीज्यू मार्फत अथाशिघ्र पुरा हुने आशा गर्दछौं । साथै प्रस्तुत मागहरुलाई तत्काल नेपाल सरकारले सम्बोधन नगरेमा चरणवद्ध दवाव मुलक आन्दोलनका कार्यक्रमहरु तय गरी अगाडि बढ्ने निर्णय भएको पनि माननीय मन्त्रीज्यू समक्ष ध्यानाकर्षण गराउ“दछौं ।

प्रार्थी

भवानीप्रसाद घिमिरे

अध्यक्ष

तथा सदस्यहरुमा

श्रृषिराम अर्याल

युवराज पौडेल

चन्द्रमणि आर्चाय

रुद्रप्रसाद चापागाई

२०६४।२।१०

गा.वि.स. सचिव हकहित संरक्षण केन्द्रले विभिन्न मागहरु राखि मिति २०६४।४।७ देखि विरोध कार्यक्रम संचालन गरी राखेको सन्दर्भमा मन्त्रालयमा प्रतिनिधि र केन्द्रका प्रतिनिधिहरु बीच मिति २०६४।४।१५ मा वार्ता भई देहाय अनुसार गर्ने सहमति भयो ।

९ बु“दे सहमतिहरु

१. कर्तव्य पालनको सिलसिलामा अपराधिक मूहरुको आक्रामणमा परी घाइते हुने कर्मचारीहरुलाई तत्काल राहत स्वरुप नि:शुल्क औषधी उपचारको व्यवस्था मिलाउने सम्बन्धमा मन्त्रालयले पहल गर्ने तथा सबै जि.वि.स.हरुलाई आवश्यकता अनुसार सहयोग गर्ने निर्देशन दिने र त्यसरी घाइते भएका कर्मचारीहरुको सम्पूर्ण विवरणहरु खुलाई तत्कालै मन्त्रालयमा पठाउन सबै जि.वि.स.हरुलाई मन्त्रालयको तर्फबाट निर्देशन दिने सहमति भयो । साथै कर्तव्य पालनको सिलसिलामा अपराधिक समूहको कारवाहीमा परी हत्या गरिएका वा मारिएका गा.वि.स. सचिवहरुलाई नीतिगत रुपमा शहीद घोषणा गर्ने सम्बन्धमा मन्त्रालयबाट प्रस्ताव तयार गरी निर्णयार्थ मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने सहमति भयो ।

२. स्थानीय निकायमा प्रतिनिधित्वको व्यवस्था मिलाउने सम्बन्धमा माननीय मन्त्रीज्यूबाट ०६४।४।९ मा १५ दिन भित्र प्रतिनिधित्वको व्यवस्था मिलाईने प्रतिवद्धता व्यक्त भएको र सो सम्बन्धमा प्रकृया अगाडि बढि रहेको बुझिएकोले माननीय मन्त्रीज्यूको प्रतिवद्धताको कदर गर्दै सो अवधी सम्म धैर्यता पूर्वक प्रतिक्षा गर्ने सहमति भयो ।

३. विगत केही समय देखि तराईका जिल्लाहरुमा कार्यरत कर्मचारीहरको सुरक्षाको विषय संवेदनशील हु“दै गएकोले ति जिल्लाहरुमा सम्बन्धित गा.वि.स. को कार्य क्षेत्रमै गई काम गर्न नसकिने अवस्था रहेको विषयमा मन्त्रालयमा जानकारी भयो ।

४. विगत केही समय देखि स्थानीय निकायका सबै तहहरुमा विभिन्न राजनैतिक दल, समूहरुबाट ठूलो रकम चन्दा माग गर्ने र माग बमोजिम नभएमा धम्क्याउने र भौतिक आक्रमण समेत गर्ने जस्ता कार्यहरु भैरहेको विषयमा जानकारी भयो । सो विषयलाई न्यूनिकरण गर्न मन्त्रालयको तर्फबाट यथाशिघ्र पहल गर्ने सहमति भयो ।

५. गा.वि.स.मा कार्यरत गा.वि.स. सचिवहरुको दुर्घटना बीमा गर्ने सम्बन्धमा मन्त्रालयबाट अर्थ मन्त्रालय र सामँन्य प्रशासन मन्त्रालयमा सम्बन्धित ऐनमा नै व्यवस्था मिलाउन अनुरोध गरिसकिएको विषयमा जानकारी भयो । अर्थ मन्त्रालयबाट यस सम्बन्धमा तत्काल व्यवस्थाा हुन नसक्ने भएमा स्थानीय विकास मन्त्रालयको तर्फबाट उपयुक्त विकल्प खोजी गरी दुघटना बीमा गर्ने सम्बन्धमा सहमति भयो ।

६. जनप्रतिनिधिहरुको अनुपस्थितिमा विगत पा“च वर्ष देखि गा.वि.स. सचिवहरुले प्रतिनिधिले निर्वाह गर्नुपर्ने भूमिका र जिम्मेवारी निवार्ह गर्नु भएकोमा सो अवधीको थप सुविधा उपलब्ध गराउने सम्बनधमा उक्त अवधिमा गा.वि.स. सचिवहरुले विशेष जिम्मेवारी लिई गरेको कार्यको मन्त्रालयले उच्च मूल्यांकन गरेको छ र अवका दिनमा गा.वि.स. सचिवको सेवालाई अझै बढी आकर्षक, मर्यादित बनाउने सम्बन्धमा स्थानीय सेवा ऐन तर्जुमा गर्दाको बखत हाल कार्यरत गा.वि.स. सचिवहरुको अतिरिक्त एक तह वृद्धि लगायत अनय सुविधा कायम गर्न मन्त्रालयले पहल गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

७. मुलुकमा हालै देखापरेको प्रँकृतिक प्रकोप (बाढी पहिरो) आदिका कारणले धरै जसो जिल्लाहरुमा व्यापक रुपमा जनधनको क्षती भएको अवस्थामा गा.वि.स. सचिव हकहित केन्द्रबाट गा.वि.स.को सेवा प्रवाह बन्द गरी गरिएको विरोध कार्यक्रम फिर्ता लिई हालको अवस्थालाई मध्यनजर गर्दै गा.वि.स.बाट प्रवाह गरिने सबै सेवा सुविधाहरुलाई सुचारु गर्ने सहमति भयो ।

८. हालका दिनहरुमा गा.वि.स. अध्यक्षँको हैसियतले गरेका सिफारिशका आधारमा गा.वि.स. सचिवहरुलाई व्यक्तिगत रुपमा मुद्दा लागि प्रतिवाद गरी रहनु परेको हु“दा त्यस्ता मुद्दाहरुलाई सरकारवादी मुद्दा मानी सरकारी वकिल मार्फत प्रतिवाद गर्ने व्यवस्था मिलाउन मन्त्रालयले पहल गर्ने सहमति भयो ।

९. अन्य मागहरुका सम्बन्धमा मन्त्रालयबाट नीति तर्जुमा गर्दाका वखत क्रमश: कार्यान्वयन गर्दै जाने सहमति भयो ।